
# शिवालय गाउँपालिका, सिमा, जाजरकोट

## कर्णाली प्रदेश, नेपाल




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

# जलवायु तथा विपद् जोखिम पार्श्वचित्र

## २०७५

# जलवायु तथा विपद् जोखिम पार्श्वचित्र

## शिवालय गाउँपालिका, जाजरकोट

**प्रस्तुतकर्ताः** अक्सफोर्ड पोलिसी म्यानेजमेन्ट लिमिटेड (Oxford Policy Management Limited / Policy and Institutions Facility)

**प्रतिवेदन तयार गर्नेः** बसन्त पौडेल, जलवायु परिवर्तन तथा विपद् जोखिम व्यवस्थापन विज्ञ, (ओपिएमएल)

**सहयोगीः** ऐवन कठायत, स्थानीय स्रोत व्यक्ति, शिवालय गाउँपालिका,वार्ड नम्बर ८, जाजरकोट

**आवरणः** शिवालय गाउँपालिकाको नक्सा

**सर्वाधिकार**: शिवालय गाउँपालिका, सिमा, जाजरकोट, कर्णाली प्रदेश, नेपाल

***नोटः** यो पार्श्वचित्रको तयार स्थानीय तहमा रहेका विभिन्न दस्तावेजहरुको अध्ययन, विभिन्न सरोकारवाला निकाय, व्यक्ति, स्थानीय प्रतिनिधि र राष्ट्रिय रुपमा प्रकाशित विभिन्न प्रतिवेदनलाई आधार मानेर गरिएको हो । यस पार्श्वचित्रलाई समयक्रममा विभिन्न तथ्याङ्कको उपलब्धतता आधारमा अद्यावधिक गर्दै लगिने छ ।*

## कार्यकारी सारांश

जलवायु परिवर्तन जन्य प्रकोपका साथै गैर जलवायु जन्य प्रकोपका घटनाको सामना गर्नु वर्तमान समयमा सामान्य जस्तै भएको छ। शिवालय गाउँपालिकाले पनि जलवायुजन्य साथै गैरजलवायुजन्य विभिन्न प्रकोपको सामना गरिरहेको छ । यसै सन्दर्भमा जलवायु परिवर्तन तथा विपद्का घटनाहरुको विगतको अवस्था र भविष्यमा पार्न सक्ने असरलाई मध्यनजर गर्दै, जलवायु र विपद्को जोखिमबारेको बुझाई विकासको लागि र सम्भाव्य जोखिमको आँकलन र सम्बोधन गर्दै जलवायु र विपद् समानुकुलन विकासका लागि र विकास निर्माणका नीति नियम र कार्यक्रमहरुमा जलवायु तथा विपद् जोखिमको विषयलाई मूलप्रबाहिकरण गर्नको लागि शिवालय गाउँपालिकाको जलवायु तथा विपद् जोखिमको पार्श्वचित्र तयार गरिएको हो । यो पार्श्वचित्र स्थानीय स्तरमा प्रकाशित विभिन्न प्रतिवेदन, गाउँपालिकाको वस्तुगत प्रतिवेदन, स्थानीय व्यक्तिहरुसँगको अर्न्तक्रिया, छलफल, राष्ट्रिय स्तरमा प्रकाशित प्रतिवेदनवाट आवश्यक सूचनाहरुको संकलन गरी तयार गरिएको हो ।

साविकका थालारैकर, सिमा र जुंगाथापाचौर गाउँ विकास समिति मिलेर बनेको यस गाउँपालिकाको पूर्वमा जाजरकोट जिल्लाको छेडागाड नगरपालिका, पश्चिममा सुर्खेत जिल्लाको सिम्ता गाउँपालिका, उत्तरमा दैलेख जिल्लाको भगवतीमाई गाउँपालिका, र दक्षिणमा भेरी नदी र सल्यान जिल्लाको बनगाड कुपीण्डे नगरपालिका रहेका छन् । कुल १३४.२६ वर्ग कि.मि क्षेत्रफलमा फैलिएको यस गाउँपालिकामा २,३२७ घरधुरीमा १५,६९६ (महिलाः ६६५८ र पुरुष ८०३८) मानिसहरुको बसोवास रहेको छ जसमा ६३.४ % मानिसहरु (महिला ५३.९ %, पुरुष ७२.९ %) साक्षर छन् । वार्षिक औसत तापक्रम २५° सेन्टिग्रेड देखि ३२° सेन्टिग्रेडसम्म रहेको यस गाउँपालिकामा ४४ मिटर देखि २९६७ मिटर सम्मको उचाइमा उष्ण प्रदेशिय देखि शितोष्ण हावापानी पाउन सकिन्छ । १००९१ हेक्टर वन क्षेत्र, २६१६ हेक्टर कृषि क्षेत्रफल, १८०.९ हेक्टर खेत र २४३५ हेक्टर पाखो रहेको यस गाउँपालिकामा बसोबास गर्ने मानिसहरुको मुख्य पेशा कृषि तथा पशुपालन रहेको छ । सुलभ स्वास्थ्य सेवाको सहज पहुँचवाट भने यो गाउँपालिका अहिले सम्म वन्चित छ । यहाँ ३ वटा स्वास्थ्य चौकि र एउटा प्राविधिक स्वास्थ्य चौकि रहेका छन् । सडक संजालका हिसावले गाउँपालिकाका सबै वडाहरुमा कच्ची सडक पुगेको छ ।

राष्ट्रिय अनुकूलन कार्यक्रम अनुसार समग्र जाजरकोट जिल्ला जलवायु परिवर्तनको संकटासन्नताको सवालमा उच्च जोखिममा रहेको देखाउँछ । भुकम्पीय जोखिमलाई आधार मान्ने हो भने समग्र कर्णाली प्रदेशमा जाजरकोट जिल्ला दैलेख जिल्ला पछिको बढि जोखिममा रहेको पाइन्छ । नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमले तयार गरेको शिवालय गाउँपालिकाको स्थानीय अनुकूलन कार्ययोजना अनुरुप जाजरकोट जिल्लाको औषत बार्षिक तापक्रम बृद्धि ०.०२३ डिग्री सेल्सीयस तथा औषत बार्षिक बर्षा वृद्दिदर ३.४४ मिलिमिटर रहेको छ। यसै गरी सन् २०१६ देखि २०४५ सम्मको अवधिमा जाजरकोट जिल्लामा करीब ०.९३ देखि १.०७ डिग्री सेन्टिग्रेडसम्म तापक्रम बढ्ने आँकलन गरिएको छ । यसर्थ पनि जाजरकोट जिल्लाको सबैभन्दा सानो गाउँपालिका-शिवालय गाउँपालिकामा जलवायुजन्य प्रकोप तथा गैरजलवायु जन्य प्रकोपहरुले यहाँको जनजीविकामा असर पुऱ्याइरहेको पाईन्छ ।

मूलतः पहिरो/सुख्खा पहिरो, सुख्खा/खडेरी, बाढी (नदि कटान), असिना, चट्याङ, कृषिमा रोगकिरा, मिचाहा प्रजातिको झारको प्रकोपहरु जलवायुजन्य प्रकोपको रुपमा र भुकम्प, मानवीय क्रियाकलापका कारण सिर्जित

पहिरो र प्रदुषण गैर जलवायु जन्य प्रकोपका रुपमा देखा परेका छन् । वि.सं २०५० देखि २०७४ सम्मको विवरण हेर्दा २४ वर्षको अन्तरालमा २८ वटा पहिरोको घटनाले ठुलो धनजनको क्षति गरेको पाइन्छ । त्यसै गरी वि.सं २०५० देखि २०७४ सम्मको विवरण हेर्दा २४ वर्षको अन्तरालमा १६ वटा सुख्खा वा खडेरीको घटना भएर धेरै क्षति गरेको पाइन्छ । बाढी तथा नदि कटानका घटनाहरुले पनि पनि शिवालय गाउँपालिकामा रहेको खेति योग्य जमिनमा प्रशस्तै असर गरेको पाइन्छ । हालका वर्षहरुमा खेतीबालीमा किराहरुको र मिचाह प्रजातिको झारको प्रकोप बढ्दै गएको पाइन्छ जसले खेतिबालीमा, फलफुल खेतिमा र वनक्षेत्रमा असर गरेको छ । यसका साथै वर्तमान समयमा अव्यवस्थित सडक निर्माणका कारण सिर्जित पहिरोको प्रकोपको कारण कतिपय वस्ती र भौतिक पूर्वाधारहरु पनि जोखिममा रहेको पाइन्छ ।

जलवायु जन्य र गैर जलवायुजन्य प्रकोपका असरको सामना गर्नको लागि शिवालय गाउँपालिकाले नीतिगत तहमा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५ बनाएर कार्यन्वयनमा ल्याएको छ । यो ऐन सँगै विपद् व्यवस्थापन कोषको पनि स्थापना गरिएको छ भने गाउँ विपद् व्यवस्थापन समिति पनि गठन भइसकेको छ । यद्यपी सवै ९ वटै वडामा भने वडास्तरीय विपद् व्यवस्थापन समिति भने गठन भइसकेको छैन । यसका साथै आर्थिक सहायता तथा राहत वितरण सम्बन्धी निर्देशिका, २०७५ बनाई आर्थिक सहायताको लागि राहत कोषको स्थापना गरिएको छ । जलवायु परिवर्तन र विपद् व्यवस्थापनबारेको अपरिहार्यतालाई मध्यनजर गर्दै गाउँपालिकाले वातावरण तथा विपद् व्यवस्थापन इकाईको समेत स्थापन गरिएको छ यद्यपी पर्याप्त कर्मचारीको अभावका कारण इकाईको काम कारबाही प्रभावित भएको छ । यसका साथै वार्षिक कार्यक्रममा समेत वातावरण र विपद् व्यस्थापनका लागि भनेर रकम विनियोजन गरी कार्यक्रमहरु संचालन गरिएको छ ।

जलवायु परिवर्तनका असरहरु आगामी समयमा बढ्दै जाने र सोहि कारण विभिन्न प्रकोपको सामना गर्नुपर्ने विभिन्न वैज्ञानिक अध्ययनले प्रक्षेपण गरेका छन् । एकातिर विकासका कार्यहरु छिटो संचालन गरी समृद्ध शिवालयको नारालाई मूर्तरुप दिनुपर्ने आवश्यकता छ भने अर्कोतिर जलवायु परिवर्तन लगायत गैर जलवायु जन्य प्रकोपको अवस्थामा बढोत्तरी हुँदा विकासको प्रयासमा नकरात्मक असर पर्ने हुँदा यी सबाललाई बेलैमा सम्बोधन गर्नु महत्वपूर्ण देखिएको छ । यसका लागि गाउँपालिकाले क्षमता विकास, वातावरण तथा विपद् व्यवस्थापन इकाईको सबलीकरण, नीतिगत तथा संरचनागत व्यवस्थाको पूर्णता तथा आवश्यक मापदण्ड, निर्देशिका र जलवायु एवम् विपद् समानुकूल वा उत्थानशील विकास योजनाको निर्माण गरी कार्यन्वयन गर्नु महत्वपूर्ण ठान्दै सोहि अनुरुप आफ्नो कार्यक्रमहरु अगाडी बढाउने लक्ष्य लिएको छ ।

## विषयसूचि

परिच्छेद १: परिचय, उद्देश्य तथा पार्श्वचित्र निर्माणको प्रक्रिया
१.१. शिवालय गाउँपालिकाको सामान्य जानकारी
१.२. जलवायु तथा विपद् जोखिम पार्श्वचित्र निर्माणको उद्देश्य र प्रक्रिया

परिच्छेद २: जलवायु परिवर्तन तथा विपद्को अवस्था
२.१ गाउँपालिकाको जलवायु परिवर्तनको विगतको अवस्था, भविष्यको परिदृष्य र विकासका पूर्वाधारमा यसको असर
२.२ गाउँपालिकामा जलवायुजन्य तथा गैर जलवायुजन्य प्रकोपको अवस्था
२.३ गाउँपालिकाको जलवायु परिवर्तन र लैगिंक अवस्था

२.३.१ प्रकोप: पहिरो
२.३.१.१. प्रकोपको गम्भिरता/कठोरता र वारम्बारता
२.३.१.२. सम्मुखता
२.३.१.३. संकटासन्नता (संवेदनशीलता र क्षमता)
२.३.२ प्रकोप: सुख्खा खडेरी
२.३.२.१. प्रकोपको गम्भिरता/कठोरता र वारम्बारता
२.३.२.२. सम्मुखता
२.३.२.३. संकटासन्नता (संवेदनशीलता र क्षमता)
२.३.३. प्रकोप: बाढी/नदि कटान
२.३.३.१. प्रकोपको गम्भिरता/कठोरता र वारम्बारता
२.३.३.२. सम्मुखता
२.३.३.३. संकटासन्नता (संवेदनशीलता र क्षमता)
२.३.४. प्रकोप: बालीमा किरा र मिचाह प्रजातिको झार
२.३.४.१. प्रकोपको गम्भिरता/कठोरता र वारम्बारता
२.३.४.२. सम्मुखता
२.३.४.३. संकटासन्नता (संवेदनशीलता र क्षमता)
२.३.२.५. प्रकोप: असिना चट्ङ्ग
२.३.५.१. प्रकोपको गम्भिरता/कठोरता र वारम्बारता
२.३.५.२. सम्मुखता
२.३.५.३. संकटासन्नता (संवेदनशीलता र क्षमता)
२.३.२.६ प्रकोप: भूकम्प
२.३.६.१. प्रकोपको गम्भिरता/कठोरता र वारम्बारता
२.३.६.२. सम्मुखता
२.३.६.३. संकटासन्नता (संवेदनशीलता र क्षमता)
परिच्छेद ३: जलवायु तथा विपद् जोखिम व्यवस्थापनका लागि संस्थागत व्यवस्था
परिच्छेद ४: निष्कर्ष तथा भावी कार्यदिशा


# परिच्छेद १: परिचय, उद्देश्य तथा पार्श्वचित्र निर्माणको प्रक्रिया

## १.१ शिवालय गाउँपालिकाको सामान्य परिचय:

शिवालय गाउँपालिका नेपालको कर्णाली प्रदेश अर्न्तगत जाजरकोट जिल्लाको ४ वटा गाउँपालिका मध्ये सबैभन्दा सानो गाउँपालिका हो । यो गाउँपालिकाको कुल क्षेत्रफल १३४.२६ वर्ग कि.मि रहेको छ र यसको औसत उचाइ समुद्र सतह बाट ७४४) मिटर देखि २९६७ मिटर सम्म रहेको छ । यस गाउँपालिकाको पूर्वमा जाजरकोटको छेडागाड नगरपालिका पश्चिममा सुर्खेतको सिम्ता गाउँपालिका उत्तरमा दैलेखको भगवतीमाई गाउँपालिका र दक्षिणमा भेरी नदी र सल्यानको बनगाड कुभीण्डे नगरपालिका रहेका छन् । यो गाउँपालिका साविकका थालारैकर, सिमा र जुँगाथापाचौर गाउँ बिकास समिति मिलेर बनेको हो । यस गाउँपालिकाको सिस्ने स्यापी टोल मिलेर वडा नं. १, डुङग्रा नेपा र लयाकाँडा मिलेर वडा नं. २, सिमा राग्मा ऐरेली ताङगा मिलेर वडा नं. ३, टाटागुहेला वडा नं. ४, काउला डाँडावाडा मान्डेरा सल्लेरी मिलेर वडा नं. ५, रिसिना पाल्त सुगरखाल ठाकुरजाँत रोकायजाँत र्धिपन्न लोतपाखा चित्रे मिलेर वडा नं. ६, नर्ने बुर्दा भिउँस जुँगाथापाचौर मिलेर वडा नं. ७, लिस्पानी पाखा बस्नेवडा नान्ने पोखा मिलेर वडा नं. ८ र नाहाडा वडा नं. ९ गरी जम्मा नौवटा वडा कायम गरिएको छ ।

### १.१.१ गाउँपालिकाको भौगालिक अवस्थिति र भूबनोट


शिवालय गाउँपालिकाको भौगोलिक अवस्था डाँडाकाँडा भिरपाखा वनजंगल खोलानाला उकालो ओरालो लेक बेसी (अवल) मिलेर बनेको छ । शिवालय गाउँपालिकाको भूबनोटलाई हेर्ने हो भने धेरै जसो




चित्र नं. १ शिवालय गाउंपालिकाको भिरालोपन


भूभाग भिरालो रहेको देखिन्छ । करिब ३० डिग्री भन्दा बढिको भूभागले शिवालय गाउँपालिकाको भूबनोटको धेरै जसो हिस्सा ओगटेको देखिन्छ । तसर्थ कुनै पनि विकास निर्माणका काम जस्तै सडक,

खानेपानी, सिँचाई र अन्य पूर्वाधारहरुको निर्माण गर्दा गाउँपालिकाको भिरालोपनलाई ध्यान दिएर गर्नुपर्ने देखिन्छ ।




चित्र नं. २ शिवालय गाउंपालिकाको सन् २०१० सम्मको जमिनको प्रयोग वा उपयोग


त्यसै गरी गाउँपालिकामा जमिनको प्रयोग र उपयोगबारेको सन् २०१० सम्मको अवस्था हेर्दा धरै भूभाग वन र कृषिले ढाकेको देखिन्छ । यो तथ्यांक सन् २०१० सम्मको भएकोले यसले त्यसपछिको अवस्थालाई भने देखाउँदैन । हिजोआज गाउँपालिकामा कृषि योग्य जमिनमा कृषिकार्य गर्ने क्रम घट्दै




चित्र ३ शिवालय गाउंपालिका सहित समग्र जाजरकोट जिल्लाको वस्ती

गएकाले धेरै जसो भूभाग बाँझो हुँदै गएको पाइएको छ । अधिकांश युवाहरु कामको खोजिमा अन्यत्र जाने प्रचलने गर्दा खेति गर्नको लागि पर्याप्त जनशक्तिको अभाव हुनाले जमिन बाँझो हुँदै गरको पाइन्छ ।  यसरी जमिनको बाँझोपनले समग्र गाउँपालिकाको विकासलाई नै चुनौति दिएको पाइन्छ ।

शिवालय गाउँपालिकामा रहेका वस्तीहरुको बारेमा हेर्दा समग्र गाउँपालिका भरीनै छरिएर बस्ती रहेको देखाउँछ । धेरै जसो वस्ती वडा नं ६ र १ मा रहेको देखिन्छ ।




चित्र ४ शिवालय गाउंपालिकाको डेनेज डेन्सिटि चित्र (Drainage Density map)

शिवालय गाउँपालिकाको ड्रेनेज डेन्सिटि (Drainage Density Map) वा जलनिकासको घनत्वको चित्रले भूभागमा कहाँ कहाँ र कसरी विभिन्न पानीका नालाहरु रहेका छन् र ती स्थानमा पानीको सतहि बहाव (surface runoff) कस्तो छ र त्यहाँ सतहमा रहेको माटो, ससाना ढुङ्गाहरु बग्ने सक्छन् सक्दैनन् भन्ने देखाउँदछ । माथि चित्र अनुसार वडा नं १, २, ३ को प्राय ठाउँहरुमा पानी जमिन मुनी नगई सतहमा वगेर जाने देखिन्छ भने वडा नं ४ र ५ को केहि स्थानमा मात्र पानी जमिन मुनी नगई वगेर जाने देखिन्छ । यसको मतलब ति स्थानहरुमा पानी जमिन मुनी जान नसक्ने खालका साथै पानीले सहजै वगाउने माटो र ढुङ्गाहरु रहेका छन् । यसले गर्दा वर्षाको समयम ती स्थानमा वग्ने खोला नालाहरुमा पानी खहरेको भेल बनी तिव्र गतिमा वहने गर्दछ जसका कारण बाढी र पहिरो जोखिम बढाउँदछ ।

### १.१.२ जनसंख्या

शिवालय गाउँपालिकामा जम्मा २,३२७ घरधुरीहरु रहेका छन् भने यहाँको कूल जनसंख्या १५,६९६ रहेको छ, जसमध्ये ७,६५८ जना महिला र ८,०३८ जना पुरुषहरु रहेका छन् । घरधुरीको सख्याको आधारमा सबैभन्दा बढि घरधुरी वडा नं ६ मा रहेको छ । यस गाउँपालिकामा क्षेत्री, ब्राह्मण, ठकुरी दलित र जनजातीहरुको मुख्य बसोबास रहेको छ (क्षेत्री र ठकुरी-७०%, जनजाती-४% र दलित-२१%, ब्राहम्ण-५%) ।

तालिका नं. २ शिवालय गाउंपालिकाको जनसंख्याको वडा अनुसारको विवरण

| बडा नं | घरधुरी | जनसंख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| १ | ३०७ | ९९६ | १०५६ | २०५२ |
| २ | २७२ | १०२० | ९९३ | २०१३ |
| ३ | २४९ | ८२१ | ८१७ | १६३८ |
| ४ | ११० | ३५९ | ३६३ | ७२५ |
| ५ | २४७ | ७५६ | ७८९ | १५४५ |
| ६ | ३१४ | १०४५ | ११२७ | २१७२ |
| ७ | ३०३ | ११०१ | ११८३ | २२८४ |
| ८ | २७४ | ८५९ | ९६७ | १८२६ |
| ९ | २५१ | ७०१ | ७४० | १४४१ |
| **जम्मा** | **२३२७** | **७६५८** | **८०३८** | **१५६९६** |

## १.१.३ आर्थिक सामाजिक तथा मानविय अवस्था

यस गाउँपालिकामा बसोबास गर्ने मानिसहरुको मुख्य पेशा कृषि तथा पशुपालन रहेको छ। शिवालय गाउँपालिकाका करीब ९५.४३ प्रतिशत मानिसहरु कृषि पेशामा आवद्ध रहेका छन । यसबाहेक अन्य मानिसहरु विभिन्न पेशाव्यवसायमा (नोकरी-२.५४ %, ज्याला मजदुरी-१.२९ %, वैदेशिक रोजगार-०.२६ %, उद्योग व्यापार -०.१७ % र ०.३० % अन्य काममा रहेका छन्। यस गाउँपालिकाको केहि ठाउँहरुमा सिमित रुपमा जडिबुटी पाइने गरेकाले जडिबुटीबाट केहि मानिसहरुले आफ्नो जीविकोपार्जन गर्ने गरेका छन्। यस गाउँपालिकामा कृषियोग्य जमिनको क्षेत्रफल २६१६ हेक्टर, खेत १८०.९ हेक्टर र पाखो २४३५ हेक्टर रहेको छ। शिवालय गाउँपालिकामा लगाइने बालिहरुमा विशेष गरी हिउँदमा गहुँ र जौ तथा वर्षे बालीको रुपमा धान, मकै र कोदो रहेको छ। यसका साथै टिमुरको उत्पादन र केरा, आँप, अनार, अम्बा लगायत फलफुल यहाँ मुख्य रुपमा पाइने गर्दछन् । यस शिवालय गाउँपालिकामा ८ ओटा मिल (२ वटा पी मिल, ६ वटा डिजेल मिल) र ५० ओटा भन्दा बढी घट्ट रहेका छन्। यस गाउँपालिकामा सबै तहका गरी जम्मा ४२ ओटा विद्यालयहरु रहेका छन्।

## १.१.४ प्राकृतिक स्रोतको अवस्था (वनजंगल नदि खोलानाला, खानेपानी र सिचाई योजना तथा खानेपानीमुहान)

शिवालय गाउँपालिकामा जम्मा १००९१ हेक्टर वन क्षेत्र रहेको छ । यस गाउँपालिकामा एउटा मात्र मुख्य शिवालय खोला रहेको छ भने अन्य साना खोलामा छराखोला, गुहेलीखोला, नेपाखोला, कुटीखोला, जुँगाखोला फटाकाल्लाखोला र रिटेखोला आदि रहेका छन् । यस गाउँपालिकामा १२ वटा खानेपानी योजना संचालित छन् भने करीब २७ वटा सिंचाई योजना संचालित छन् । शिवालय गाउँपालिकामा संचालित केहि खानेपानी तथा सिँचाईका आयोजनाहरुको विवरण तल दिइएको छ ।

| **शिवालय गाउँपालिकामा संचालित खानेपानी योजना** | **शिवालय गाउँपालिकामा सिचाई योजना** |
|---|---|
| १) सिम्लेखोला खानेपानी योजना | १) खनीखर्क सिचाई योजना |
| २) ढडमेला खानेपानी योजना | २) भम्प सिचाई योजना |
| ३) रानीपानी काउला खानेपानी योजना | ३) बाटाखेत सिचाई योजना |
| ४) दुनि खनीखर्क पोखरा खानेपानी योजना | ४) नेपाखोला गगनडाँडा सिचाई योजना |
| ५) जोगीमारा खानेपानी योजना | ५) खन्नेतरा तिम्लेतरा सिचाई कुलो |
| ६) कुल्बाद थाला खानेपानी योजना | ६) सुनारी सिचाई योजना |
| ७) दुरापानी खानपानी योजना | ७) निमारे सिचाई योजना |
| ८) बालुवा खानेपानी योजना | ८) बाँसखोला सिचाई योजना |
| ९) धुतधुतेनी सल्लेरी खानेपानी योजना | |
| १०) पुरानापानी खानेपानी योजना | |
| ११) बेत्रइरालामेला खानेपानी योजना | |
| १२) अल्लाना खानेपानी योजना | |

शिवालय गाउँपालिकामा २ वटा टेलिफोनका टावरहरु रहेका भएता पनि शिवालय गाउँपालिकाको केहि स्थानमा अझै पनि सञ्चारको राम्रो सुविधा पाइदैन । संचार सुविधामा पहुँच कम रहेतापनि सबै वडाहरुमा सि.डि.एम.ए को नेटवर्क रहेको छ । यस गाउँपालिकामा हालसम्म इन्टरनेटको सुबिधा नहुँदा वर्तमान आधुनिक र इन्टरनेटको युगमा काम गर्न असहजता देखिरहेको छ ।

### १.१.५ शिक्षा, स्वास्थ्य र सडकको अवस्था

सम्पूर्ण गाउँपालिकामा साक्षर जनसंख्या ६३.४% रहेको छ, जसमा ५३.९ % महिला र ७२.४७ % पुरुष रहेका छन् । यस गाउँपालिकामा जम्मा ४२ ओटा विद्यालयहरु रहेका छन् जसमा २७ ओटा प्राथमिक विद्यालय, ८ वटा निम्न माध्यामिक ४ ओटा माध्यामिक र ३ ओटा उच्च माध्यामिक विद्यालयहरु रहेका छन् । यहाँ ३ वटा स्वास्थ्यचौकी, एउटा प्राविधिक स्वास्थ्यचौकी र एउटा पशुसेवा केन्द्र रहेका छन् । यस गाउँपालिकामा २२ जना स्वास्थ्य सेवा तर्फका कर्मचारीहरु रहेका छन् । यसैगरी यस शिवालय गाउँपालिकामा सडकलाई हेर्दा २ किलोमिटर पक्की सडक, करिब १४ किमि ग्राभेल सडक र करिब ४० किलोमिटर कच्ची सडक रहेको पाइन्छ ।

### १.१.६ उर्जाको अवस्था

यस गाउँपालिकामा वडा नं. १ को छेडाबजारका केहि घरधुरी बाहेक अन्य सबै घरधुरी जलविद्युतको केन्द्रिय प्रसारणबाट विमुख छन् । सौर्य उर्जाको प्रयोग यस गाउँपालिकाका अधिकांश घरधुरीमा रहेको छ (करीब ७५ प्रतिशत) । इन्धनको रुपमा यहाँका प्राय घरधुरीले दाउराको प्रयोग प्रयोग गर्ने गरेको पाइन्छ ।

## १.२ जलवायु तथा विपद् जोखिम पाश्र्वचित्र निर्माणको उद्देश्य र प्रक्रिया

### १.२.१ पाश्र्वचित्रको निर्माणको उद्देश्य

नेपालमा वि.सं २०७२ सालमा संविधान जारी भए पश्चात विधिवत रुपमा संघिया शासन प्रणालीले मूर्त रुप लियो । यो सँगै विशिष्ट अधिकार सहितको स्थानीय सरकारहरुको (गाउँपालिका र नगरपालिकाहरुको) निर्माण भए सँगै स्थानीय सरकारले विभिन्न क्षेत्रमा संघिय सरकारको ऐन नियम सँग नबाझिने गरी आफ्नै कानुन, नीति नियम बनाउने अधिकार समेत प्राप्त गरेका छन् । यो परिवर्तन सँगै संरचनागत रुपमा विभिन्न क्षेत्र जस्तै कृषि, वन, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रहरुमा स्थानीय सरकारले आआफ्नै नीति नियम, ऐन, कार्यविधि बनाएर विकासका कामलाई तिव्रता दिने क्रम जारी छ । शिवालय गाउँपालिकाले पनि विभिन्न ऐन नियम, कार्यविधि बनाएर कृषि, सडक, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रहरुमा विकासका कामलाई द्रुतरुमा अगाडि बढाएको पाइन्छ ।

एकातिर विकासका कार्यक्रमहरु द्रुत रुपमा अगाडि बढेका छन् भने अर्कोतिर जलवायु परिवर्तनका कारण सिर्जित जलवायु जन्यप्रकोप एवम् गैरजलवायुजन्य प्रकोपको बढ्दो असरका कारण विकासका कार्यक्रम, प्रयासहरु एवम् उपलब्धिहरुमा नकरात्मक असर पर्ने सम्भावना प्रबल रहेको विभिन्न वैज्ञानिक अध्ययन अनुसन्धानले देखाएका छन् । यसै सन्दर्भमा शिवालय गाउँपालिकामा जलवायु परिवर्तन तथा विपद्का घटनाहरुको विगतको अवस्था र भविष्यमा पार्न सक्ने असरलाई मध्यनजर गर्दै, जलवायु र विपद्को जोखिमबारेको बुझाई विकासको लागि र सम्भाव्य जोखिमको आँकलन र सम्बोधन गर्दै जलवायु र विपद् समानुकुल विकासका लागि र विकास निर्माणका नीति नियम र कार्यक्रमहरुमा जलवायु तथा विपद् जोखिमको विषयलाई मूलप्रवाहिकरणका हेतु यो पाश्र्वचित्र निर्माण गरिएको हो । यो पाश्र्वचित्रले जलवायु परिवर्तनको वर्तमानको अवस्था, विगतमा भए गरेका प्रकोपका र विपद्को अवस्था, जलवायु परिवर्तनले भविष्यमा पार्न सक्ने असर, प्रकोपको तिव्रतामा आउने घटनाक्रम आदिलाई समेटेको छ । यसले हाम्रो आगामि बाटो कसरी तय गर्ने र जलवायु परिवर्तन र विपद् जोखिम व्यवस्थापनलाई विकासका कार्यक्रममा मूलप्रवाहिकरण गर्नको लागि मार्ग प्रशस्त गर्ने उद्देश्य लिएको छ ।  यो पाश्र्वचित्रले स्थानीय सरकारका प्रतिनिधि, सरोकारवाला विभिन्न निकाय, संघ, संस्था, नागरिक समाज, पत्रकार, विकासका साझेदार संघ संस्था र निकायलाई जलवायु परिवर्तन तथा विपद् जोखिमबारे बुझाई विकास गर्न मद्दत पुर्‍याउने अपेक्षा गरिएको छ ।

### १.२.२. पाश्र्वचित्र निर्माणको प्रक्रिया

जलवायु तथा विपद् जोखिम पाश्र्वचित्र निर्माणको कार्य अक्सफोर्ड पोलिसि म्यानेजमेन्टद्वारा संचालन गरिएको नीति तथा संस्थागत सहिजिकरण (Policy and Institutions Facility) परियोजनाको सहयोगमा गरिएको हो । यो पाश्वचित्र निर्माणका लागि अक्सफोर्ड पोलिसि म्यानेजमेन्टबाट उपलब्ध प्राविधिक विज्ञ लगायतको टोलीले शिवालय गाउँपालिकाका विभिन्न सरोकारवालहरुसँगको बैठक, छलफल, अर्न्तक्रिया, स्थानीय र राष्ट्रिय स्तरमा प्रकाशित विभिन्न दस्तावेज र प्रतिवेदनको अध्ययन, शिवालय गाउँपालिकामा स्थानीयहरुसँगको छलफल र सूचना संकलन गरी तयार गरेको हो । मुलत यस पाश्र्वचित्र निर्माणका लागि तल उल्लेख गरिएबमोजिमको प्रक्रिया अवलम्वन गरिएको थियो ।

**(क) गाउँपालिकाका प्रतिनिधिहरुसँगको प्रारम्भिक बैठक**

प्रथमतः यस जलवायु तथा विपद् जोखिम पार्श्वचित्र निर्माण लागि गाउँपालिकाका प्रमुख र उपप्रमुख विभिन्न वडाका वडाअध्यक्षहरु, प्रमुख प्रशासकिय अधिकृत साथै गाउँपालिकाका अन्य कर्मचारीहरु सम्मिलित प्रारम्भिक बैठक आयोजना गरी पार्श्वचित्रको रुपरेखाका बारेमा छलफल गरी सल्लाह र सुझाव संकलन गरिएको थियो ।

**(ख) सूचना संकलन**

पार्श्वचित्र निर्माणको लागि आवश्यक सूचनाका लागि स्थानीय स्तरमा उपलब्ध विभिन्न प्रतिवेदन जस्तै स्थानीय अनुकूलन कार्ययोजना, नीति, कार्यक्रम तथा बजेटको दस्तावेज, शिवालय गाउँपालिकाको वस्तुगत विवरण, राष्ट्रिय स्तरमा प्रकाशित विभिन्न प्रतिवेदनहरु लगायतको अध्ययन गरी आवश्यक सूचना संकलन गरियो । यसका अलावा स्थानीय प्रतिनिधि, वडा अध्यक्षहरु, सामाजिक परिचालकहरु, स्थानीय कर्मचारीहरुसँग छलफल गरी द्धितिय स्रोत अन्तर्गत lzjfno ufpFkflnsfको वस्तुगत विवरण (MunicipalProfile), यसै नगरपालिकाको अनुकुलन योजना र जलवायु सम्बन्धी जानकारी संकलन गरियो । द्धितिय स्रोतबाट अपुग सूचनाहरु प्रत्येक वडाहरुमा छलफल कार्यक्रम गरी संकलन गरिएको थियो ।

**(ग) पार्श्वचित्रको मस्यौदा तयार एव्म पृष्ठपोषण संकलन**

विभिन्न व्यक्तिहरुसँगको छलफल, अर्न्तक्रिया र प्रतिवदेनको अध्ययनवाट संकलन गरिएको सूचनाको आधारमा शिवालय ufpFkflnsfको जलवायु तथा विपद् जोखिम पार्श्वचित्रको पहिलो मस्यौदा तयार गरियो । मस्यौदा पार्श्वचित्र गाउँकार्यपालिकाको बैठकमा प्रस्तुत गरी गाउँकार्यपालिकाका प्रतिनिधिकहरुबाट सोहि मस्यौदाउपर आवश्यक पृष्ठपोषण संकलन गर्ने कार्य गरियो ।

**(घ) अन्तिम पार्श्वचित्र निर्माण**

विभिन्न सरोकारवालाहरुबाट प्राप्त पृष्ठपोषणलाई सम्बोधन गरी शिवालय गाउँपालिकाको जलवायु तथा विपद् जोखिम पार्श्वचित्र तयार गरियो ।


# परिच्छेद २: जलवायु परिवर्तन तथा विपद्को अवस्था


## २.१ गाउँपालिकाको जलवायु परिवर्तनको विगतको अवस्था, भविष्यको परिदृष्य र विकासका पूर्वाधारमा यसको असर

विगत (सन् १९७१ देखि २०१४ सम्म) को तापक्रम र वर्षाको मात्रालाई आधार मानेर नेपाल सरकार जल तथा मौसम विज्ञान विभागले २०७४ सालमा गरेको एक अध्ययन अनुसार नेपालको वार्षिक तापक्रम वृद्धि दर ०.०५६ ° सेन्टिग्रेड रहेको छ[1] । जाजरकोट जिल्लामा वार्षिक अधिकतम तापक्रम ०.०७ देखि ०.०९° सेन्टिग्रेडले बढ्दै गइरहेको सो अध्ययनले देखाउँदछ। त्यसैगरी ताता दिनहरु एवम् रातहरु पनि बढ्दै गइरहेको साथै जाजरकोट लगायतका उत्तर पश्चिमी जिल्लाहरुमा वर्षा हुने दिनहरु बढ्दै गएको अध्ययनले देखाउँदछ । नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमले तयार गरेको शिवालय गाउँपालिकाको स्थानीय अनुकूलन कार्ययोजना अनुरुप जाजरकोट जिल्लाको औषत बार्षिक तापक्रम बृद्धि ०.०२३ डिग्री सेल्सीयस तथा औषत बार्षिक बर्षा वृद्दिदर ३.४४ मिलिमिटर रहेको छ जुन जल तथा मौसम विज्ञान विभागले गरेको पछिल्लो अध्ययन सँग मिल्दो देखिन्छ । यसरी हेर्दा जाजरकोट जिल्लामा पानी पर्ने मात्रामा बढोत्तरी भएको देखिन्छ जसले गर्दा बाढी र पहिरोको घटनामा तिव्रता आउन सक्ने आँकलन गर्न सकिन्छ ।

वार्षिक औसत तापक्रम २५° सेन्टिग्रेड देखि ३२° सेन्टिग्रेडसम्म रहेको शिवालय गाउँपालिकाको हावा पानी उष्ण प्रदेशिय देखि शितोष्ण रहेको पाइन्छ । जलवायु परिवर्तनको संकटासन्नताको सबालमा नेपालको राष्ट्रिय अनुकूलन कार्यक्रम, २०६७ अनुसार समग्र जाजरकोट जिल्ला उच्च जोखिममा रहेको देखाउँछ । यस अर्थमा शिवालय गाउँपालिका पनि जलवायु संकटासन्नताका आधारमा जोखिममा रहेको भन्न सकिन्छ ।

[1] अब्जर्भड क्लाइमेट ट्रेन्ड रिपोर्ट, नेपाल, २०७४ (जनसंख्या तथा वातावरण मन्त्रालय)




**चित्र नं १ स्थानीय स्तरमा जलवायुको अवस्था (नजिक पर्ने जाजरकोट र चौरजहारी स्टेशनको तथ्याङ्क अनुसार)[2]**

त्यसै गरी भविष्यको जलवायुको अवस्था वा परिदृष्यबारे नेपाल सरकार वन तथा वातावरण मन्त्रालयले २०७५ सालमा तयार गरेको प्रतिवेदन अनुसार जाजरकोट जिल्लामा आगामी वर्ष एवम् दशकमा वर्षाको मात्रामा बढोत्तरी आउने देखाएको छ। साथै सन् २०१६ देखि २०४५ सम्म, यदि विश्वले हरित गृह ग्यास उत्सर्जन कम गर्ने बाटो वा विकासको मार्ग अवलम्बन गरेमा जाजरकोट जिल्लामा करीब ०.९३$^{\circ}$ सेन्टिग्रेडसम्म तापक्रम बढ्ने आँकलन गरिएको छ भने यदि विश्वले निकै कम हरित गृह

[2] शिवालय गाउँपालिकाको लापा

ग्यास उत्सर्जन कम गर्ने बाटो वा विकासको मार्ग अवलम्बन गरेमा जाजरकोट जिल्लामा तापक्रम वृद्धि १.०७° सेन्टिग्रेडसम्म बढ्ने प्रक्षेपण गरिएको छ। जाजरकोट जिल्लामा बढ्ने तापक्रम र वर्षामा आउने परिवर्तनले शिवालय गाउँपालिकालाई पनि समेटेको हुनाले जलवायुमा आउने जुनसुकै परिवर्तनले शिवालय गाउँपालिकाको समग्र आर्थिक अवस्था र विभिन्न विकासका पूर्वाधारमा नकरात्मक असर, हानी तथा नोक्सानी हुने देखिन्छ। तसर्थ समयमै यो विषयमा जानकारी लिई आवश्यक नीति नियम र कार्यक्रमको तर्जुमा गर्नुपर्ने आवश्यक देखिन्छ।

शिवालय गाउँपालिकाको अधिकांश भूवनौट भिरालो रहेको साथै वर्षाको पानीको सतही बहाव वढि भएकोले यस गाउँपालिकामा भूवनौट सम्बन्धी कुनै पनि विकासका कार्यहरु गर्दा विशेष सावधानी अपनाउनुपर्ने देखिन्छ। साथै जलवायु परिदृश्य अनुसार विषम वर्षाका दिनहरुमा व्यापक परिवर्तन आउने देखिन्छ जसले गर्दा बाढि पहिरो जस्ता प्रकोपको घटनामा तिव्रता आउन सक्नेछ। यसर्थ विकास निर्माणका कार्यहरु जस्तै सडक निर्माण, विभिन्न भौतिक पूर्वाधारहरुको निर्माण गर्दा बदलिँदो जलवायुको अवस्थालाई मध्यनजर गर्दै बनाउनुपर्ने हुन्छ  अन्यथा विकासका कार्यहरुमा नकरात्मक असर पर्न गई धनजनको क्षति हुन सक्नेछ। यसका अलावा ताता दिन र रातहरुमा बढ्ने सातै निरन्तर ताता हुने दिन र रातहरु बढ्ने हुनाले स्थास्थ्य क्षेत्रमा विभिन्न किसिमका रोगव्याधीका प्रकोप बढ्ने सम्भावना रहन्छ। यसर्थ स्वास्थ्य क्षेत्रमा जलवायु उत्थानसीलताका कार्यक्रमहरुमा संचालन गर्नु अर्थपूर्ण हुन आउँछ। कृषि क्षेत्र पनि विभिन्न सूचक जस्तै निरन्तर सुख्खाका दिनहरु, ओसिला दिनहरु, ताता दिन र रातहरु, निरन्तर ताता दिन र रातहरुले प्रभावित हुन जान्छ। कृषि उत्पादकत्वमा असर पर्न गई कृषि खाद्यसुरक्षामा चुनौति आउने देखिन्छ। सुख्खाका दिनहरुमा आउने परिवर्तन र तातोपनाले आगलागी, बनडढेलोका घटनाहरु बढ्ने देखिन्छ। यसर्थ कुनै पनि विकास निर्माणका कार्यहरु गर्दा बदलिंदो जलवायुको अवस्था र यसले पार्ने प्रभावलाई मध्यनजर गर्दै गर्नुपर्ने अति आवश्यक हुन आउँछ। (तालिका नं २)

## २.२ गाउँपालिकाको जलवायु परिवर्तन र लैगिंक अवस्था

शिवालय गाउँपालिकामा जलवायु परिवर्तनका विभिन्न असरका साथै विभिन्न गैरजलवायुजन्य प्रकोपका कारण महिलाहरुमा विभिन्न किसिमका असरहरु परेका छन्। त्यसमाथि रोजगारीको शिलशिलामा अधिकांश पुरुष युवाहरु विदेशिने गरेका कारण महिलाहरुले घरायसी काममा धेरै खट्नु परेको छ। यसैमा जलवायु परिवर्तनका कारण पानीका स्रोतहरुमा पानीको वहाब र उपलब्धता कम हुँदा महिलाई कामको बोझ धेरै बढेको छ। खेतिबालीमा किरा, रोग व्याधिको कारण उब्जनी कम हुँदा, मिचाह प्रजातिको प्रकोप बढ्दा महिलाहरुलाई धेरै असर गरेको पाइन्छ। आगमी वर्षहरुमा पनि जलवायु परिवर्तनका असरहरु अझ बढ्ने हुँदा शिवालय गाउँपालिकाका महिलाहरु प्रभावित हुने देखिन्छन्।

तालिका नं २: सन् १९८१ देखि २०१० सम्मको समयलाई आधार समय मान्दा जाजरकोट जिल्लामा वर्षामा (प्रतिशतमा), तापक्रममा (डिग्री सेन्टिग्रेडमा), वर्षाका दिनहरुमा (प्रतिशतमा) र सुख्खाका दिनहरुमा आउने परिवर्तन (प्रतिशतमा)

| जलवायु परिवर्तनका सूचकहरु | आरसिपि ४.५ (RCP 4.5) | | आरसिपि ८.५ (RCP 8.5) | |
|---|---|---|---|---|
| | सन् २०१६ देखि २०४५ | सन् २०३६ देखि २०६५ | सन् २०१६ देखि २०४५ | सन् २०३६ देखि २०६५ |
| सन् १९81 देखि २०१० सम्मको समयलाई आधारसमय मान्दा जाजरकोट जिल्लामा वर्षामा आउने परिवर्तन (प्रतिशतमा) | -०.०९ | ७.०८ | ६.०४ | १२.५९ |
| सन् १९81 देखि २०१० सम्मको समयलाई आधारसमय मान्दा जाजरकोट जिल्लामा तापक्रममा आउने परिवर्तन (डिग्री सेन्टिग्रेडमा) | ०.९३ | १.३२ | १.०७ | १.७९ |
| सन् १९81 देखि २०१० सम्मको समयलाई आधारसमय मान्दा जाजरकोट जिल्लामा धेरै ओसिलो दिनहरुमा आउने परिवर्तन ( प्रतिशतमा ) Change in Very Wet Days (P95) (%) | -३.२७ | ९.८ | १२.२२ | १७.२० |
| सन् १९81 देखि २०१० सम्मको समयलाई आधारसमय मान्दा जाजरकोट जिल्लामा विषम ओसिला दिनहरुमा आउने परिवर्तन ( प्रतिशतमा ) Change in Extreme Wet Days (P99) (%) | १६.५८ | ३९.२२ | २४.८५ | ५४.८४ |
| सन् १९81 देखि २०१० सम्मको समयलाई आधारसमय मान्दा जाजरकोट जिल्लामा वर्षाका दिनहरुमा आउने परिवर्तन (प्रतिशतमा) | -१.९८ | -१.६६ | -१.०९ | -०.०८ |
| सन् १९81 देखि २०१० सम्मको समयलाई आधारसमय मान्दा जाजरकोट जिल्लामा निरन्तर सुख्खा हुने दिनहरुमा आउने परिवर्तन ( प्रतिशतमा) Change in Consecutive Dry Days (CDD) (%) | ८.८७ | ४.५५ | -२.४६ | -३.१७ |
| सन् १९81 देखि २०१० सम्मको समयलाई आधारसमय मान्दा जाजरकोट जिल्लामा निरन्तर ओसिलो हुने दिनहरुमा आउने परिवर्तन ( प्रतिशतमा) Change in Consecutive Wet Days (CWD) (%) | ०.३४ | २.५४ | १.५८ | ३.८६ |
| सन् १९81 देखि २०१० सम्मको समयलाई आधारसमय मान्दा जाजरकोट जिल्लामा | -५८.६० | -६७.९१ | -६४.२२ | -८३.६२ |

| | | | | |
|---|---|---|---|---|
| लगातार ६ दिन भन्दा बढि न्यूनतम तापक्रम कम भएका दिनहरुमा आउने परिवर्तन (प्रतिशतमा)<br>Change in Cold Spell Duration Index (CSDI) (%) | | | | |
| सन् १९८1 देखि २०1० सम्मको समयलाई आधारसमय मान्दा जाजरकोट जिल्लामा लगातार ६ दिन भन्दा बढि अधिकतम तापक्रम धेरै भएका दिनहरुमा आउने परिवर्तन (प्रतिशतमा)<br>Change in Warm Spell Duration Index (WSDI) (%) | ९९.०७ | १३८.०७ | १०३.५४ | १६२.८० |
| सन् १९८1 देखि २०1० सम्मको समयलाई आधारसमय मान्दा जाजरकोट जिल्लामा चिसा रातहरुमा आउने परिवर्तन (प्रतिशतमा)<br>Change in Cold nights (%) | -४.55 | -५.79 | -५.23 | -७.08 |
| सन् १९८1 देखि २०1० सम्मको समयलाई आधारसमय मान्दा जाजरकोट जिल्लामा चिसा दिनहरुमा आउने परिवर्तन (प्रतिशतमा)<br>Change in Cold Days (%) | -४.70 | -6.09 | -५.32 | -६.9 |
| सन् १९८1 देखि २०1० सम्मको समयलाई आधारसमय मान्दा जाजरकोट जिल्लामा ताता रातहरुमा आउने परिवर्तन (प्रतिशतमा)<br>Change in Warm Nights (%) | ६.80 | ९.92 | ८.72 | १2.11 |
| सन् १९८1 देखि २०1० सम्मको समयलाई आधारसमय मान्दा जाजरकोट जिल्लामा ताता दिनहरुमा आउने परिवर्तन (प्रतिशतमा)<br>Change in Warm Days (%) | ६.41 | ८.92 | ५.80 | ९.22 |

## २.३ गाउँपालिकामा जलवायुजन्य तथा गैर जलवायुजन्य प्रकोपको अवस्था

शिवालय गाउँपालिका भित्र जलवायुजन्य तथा गैर जलवायुजन्य प्रकोपहरुहरुले यहाँको जनजिविकामा असर पुर्‍याईरहेको पाईन्छ । मूलतः पहिरो/सुख्खा पहिरो, सुख्खा/खडेरी, बाढी (नदि कटान), असिना, चट्याङ, कृषिमा रोगकिरा, मिचाहा प्रजातिको झारको प्रकोपहरु जलवायुजन्य प्रकोपको रुपमा र भुकम्प, मानवीय क्रियाकलापका कारण  सिर्जित पहिरो र प्रदुषण गैर जलवायु जन्य प्रकोपका रुपमा देखा परेका छन् ।

विभिन्न व्यक्ति (वडा अध्यक्षहरु) सँगको र निकायसँगको छलफल र विभिन्न दस्तावेज र प्रतिवेदनको आधारमा यस गाउँपालिकामा निम्न प्रकोपका घटनाहरु विद्यमान रहेका छन् ।

**तालिका नं. ३ शिवालय गाउँपालिकामा प्रकोपको प्रकार र प्रभावित वडाहरु**

| **प्रकोपका प्रकार (किसिम)** | **प्रभावित वडा/समुदाय** |
|---|---|
| **जलवायुजन्य प्रकोप** | |
| पहिरो | सबै बडाहरुमा |
| बाढी/ नदि कटान | वडा नं. १, ३, ५ ६, ७, ८ |
| सुख्खा/खडेरी | सबै बडाहरुमा |
| मिचाह प्रजातिको प्रकोप र बाली नालीमा रोग | सबै वडाहरुमा |
| असिना चट्याङ्ग | सबै बडाहरुमा |
| **गैरजलवायुजन्य** | |
| भुकम्प | सवै वडाहरुमा |
| मानव सिर्जित पहिरो (सडकका कारण उत्पन्न प्रकोप) | वडा नं. ४,३, ५ |

माथि पहिल्याइएका यिनै जलवायुजन्य वा गैर जलवायुजन्य प्रकोपको गम्भिरता/कठोरता र बारम्बारता, सम्मुखतामा रहेका तत्व वा प्रणालीहरु र संकटासन्नताको बारेमा विश्लेषण गरी यहाँ प्रस्तुत गरिएको छ ।

### २.३.१. प्रकोपः पहिरो

शिवालय गाउँपालिकामा पहिरो, सुख्खा पहिरो र मानविय क्रियाकलापका कारण पहिरोको प्रकोपले जनताको जनजीविकामा र विकासका उपलब्धिहरुमा हानी र नोक्सानि गरिरहेको पाईएको छ । जलवायुमा आएको परिवर्तन र भविष्यमा आउने परिवर्तनले यसको प्रकोप अझ बढ्ने देखिन्छ । पानीको मात्रामा बढोत्तरी हुँदा र उपयुक्त योजनाविनै संचालन गरिने विकासका कार्यहरु जस्तै बाटो निर्माणका कारण पहिरो र सुख्खा पहिरोको घटना बढ्ने देखिन्छ ।

#### २.३.१.१ प्रकोपको गम्भिरता/कठोरता र वारम्बारता

विगतका घटनाक्रमको लेखाजोखा गर्दा शिवालय गाउँपालिकामा हरेक वर्ष पहिरोको घटना हुने गरेको पाइएको छ । वि.सं २०५० देखि २०७४ सम्मको विवरण हेर्दा २४ वर्षको अन्तरालमा २८ वटा पहिरोको घटनाले ठुलो धनजनको क्षति गरेको पाइन्छ । यस गाउँपालिकामा हालसम्म गएका पहिरो र सो पहिरोबाट भएको हानी तथा क्षति सम्बन्धी विवरण साथै पहिरोको बारम्बरता बारे तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं ३ पहिरोको गम्भिरता र वारम्बारता**

| **क्र.सं** | **वर्ष** | **पहिरोले गरेको असर (हानी तथा नोक्सानी)** | **बारम्बरता** |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | २०२८ | • वडा नं. १ मा २ वटा घर बगाएको, खेती योग्य जमिन १५० रोपनी बगाएको, २ वटा घट्टमा क्षति भएको, सडकमा पहिरो गएको, अत्कनेको पहिरोले खोराबाटोलाई असर गरेका | |
| २ | २०४० | • वडा नं. ६ को धिरपन्ना बस्तिमा ३ रोपनि जग्गा बगाउनुको साथै २ घरलाई असर गर्‍यो । | |
| ३ | २०४३ | • वडा नं. ३ को ३०० देखि ४०० रोप्नी खेती योग्य जग्गा नष्ट भएको | |
| ४ | २०४५ | • वडा नं. ३ को ४० घरधुरी विस्थापित, खानेपानी धारा तथा मुहान, र सडक भत्काएको ।<br>• वडा नं. ४ पैरेपाखा पहिरो : हाल सम्म ८० रोप्नी खेती योग्य जमिन नस्ट, साविकको थाला जाने बाटो अवरोध, जुकाने धारो कवडे काफल मुल भासेर सुक्यो ।<br>• वडा नं. ४ वेताडा पहिरो : टाटा बाट तिमिले पाखा जाने बाटो पुरेको, ९० रोप्नी खेती योग्य जग्गा बगाएको , २ वटा मुल पुरेको ।<br>• वडा नं. ४ ढाड खोला पहिरो : हाल सम्म पटक पटक गरी १०० रोपनी जग्गा वगाएको । वडा नं. ८ मा जग्गा जमिनको क्षति तथा बस्ति जोखिममा परेका | २ वर्षका अवधिमा वडा नं. ३ मा पहिरो गएको |
| ५ | २०४६ | • वडा नं. ४ को नुहारिकामा ४ घर नष्ट, ४० रोपनी खेति योग्य जग्गा बगाएको,<br>• वडा नं. ५ मा खेतीयोग्य जमिन करिव १० रोपनी बगाएको, वडा नं. ५ मा सल्लेरी टोलमा ७ वटा घरधुरी पहिरोको जोखिममा रहेको, ४-५ वटा बोटविरुवा पहिरोले बगाएका | १ वर्षको अवधिमा एउटै वडामा गएको |
| ६ | २०४७ | • वडा नं. ६ को दुनिमा पहिरो जाँदा वनजंगलको क्षति भयो । करिब १५ रोपनि जमिन क्षति हुनाको साथै १ वटा राँगो मरेको थियो । | ७ वर्षको अवधिमा एउटै वडा मा गएको |
| ७ | २०४८ | • वडा नं. ४ को सिमानामा ६ घर नष्ट भएको र ६० रोपनी भन्दा बढी जमिन बगाएको । | २ वर्षको अवधिमा एउटै वडामा गएको |
| ८ | २०५० | • वडा नं. १ मा खेतीयोग्य जमीन बगाएको, पानीको मुल दबिएको, बस्तीको -नेपा, कालिखोला, काप्रा) केहि भाग तलतिर सर्‍यो, सिंचाई कुलो बगायो । | २२ वर्षको अवधिमा वडा नं १ मा |

| | | | |
|---|---|---|---|
| | | • वडा नं. ४ को भैलोहाल्ना टोलमा १ कीमि भन्दा बढी पहिरो गएको, सबै खेति योग्य जमिन नष्ट भएको ।<br>• वडा नं. ५ मा वडाखेत (थालाखोला) मा करिव १५००-१६०० रोपनी खेतियोग्य जमिन पुरिएको | गएको, २ वर्षको अवधिमा वडा नं. ४ मा गएको र ४ वर्षको अवधिमा वडा नं. ६ मा गएको |
| ९ | २०५२ | • वडा नं. ६ को अल्लोहुने काल्नामा पहिरो जाँदा वनजंगलको विनाश भएको, बाटोघाटो बन्द भएको, महत्वपुर्ण रुखविरुवा जस्तै रक्तचन्दन, ओखर, मलागिरी, उतिस, गुराँस, बाँभ, ठिन्के आदिको ठूलो विनास भएको | ५ वर्षको अवधिमा एउटै वडामा गएको |
| १० | २०५४ | • वडा नं. ६ को हेरुदेखि अवलतडासम्म पहिरोले लगभग २५ रोपनि जमिन क्षति भएको थियो । जसमध्ये बारी २० रोपनि र खेत ५ रोपनि बगाएको थियो । | २ वर्षको अवधिमा एउटै वडामा गएको |
| ११ | २०५५ | • वडा नं. ६ को हेरु गल्छिनादेखि बडावल खेतसम्म आएको पहिरोले गर्दा वनजंगलको क्षति र बाटोघाटो अवरोध हुनाको साथै खेत २५ रोपनि र बारी ५ रोपनि जति क्षति भएको । | १ वर्षको अवधिमा एउटै वडा गएको |
| १२ | २०५६ | • वडा नं. ७ को मालभुला सेरीकोटका ५ घर पहिरोले पुरिएर भत्काएको, करिब २०० रोपनी खेतीयोग्य जमिन पुरिएको, बस्ती अन्य स्थानमा सार्नु परेको,<br>• वडा नं. ६ को लोतपाखा बिचटोलमा करिब २ रोपनि जग्गा बगाउनुको साथै बाटोलाई क्षति गरेको | वडा नं. ७ मा पहिलो पटक पहिरो गएको, वडा नं. ६ मा १ वर्षको अवधिमा फेरि पहिरो गएको |
| १३ | २०५७ | • वडा नं. ६ को मुलाको पहिरोले करिब २० रोपनि जति जमिनको क्षति गरेको, पानीका मुलहरुलाई असर गरेको थियो । चरणक्षेत्र मासिएको थियो । उदेनाको पहिरोले करिब २५ रोपनि जति बारी क्षति गरेको र सयौंको संख्यामा सल्लाका रुखहरु क्षति गरेको । | १ वर्षको अवधिमा एउटै वडामा गएको |
| १४ | २०५८ | • वडा नं. ६ को ओक्सेनीदेखि गुयलीखोलासम्म साँदीखोलामा पहिरो जाँदा करिब २० रोपनी खेतियोग्य जमिन बगाएको । धेरै घरहरुलाई जोखिममा पारेको । | १ वर्षको अवधिमा एउटै वडामा गएका |

| | | | |
|---|---|---|---|
| | | निगाला, बाँस, केराका विरुवाको क्षति भएको । ५ वटा भन्दा बढि बाटाहरु अवरुद्ध भएको । | |
| १५ | २०६३ | • वडा नं. २ मा भौतिक संरचना, (बाटो घाटो र घरहरु ) भत्केको, ४ हेक्टर जंगल विनाश भएको,<br>• वडा नं. ८ मा खेतीयोग्य जमिन भत्किएको, वस्ति जोखिममा परेको, प्रत्येक वर्ष जमिन भासिँदै गएको, सिंचाई कुलोको क्षति भएको | वडा नं. २ र ८ मा पहिलो पटक पहिरो गएको |
| १६ | २०६३ | • सुख्खा पहिरोको कारण बडा नं १ मा जंगल बिनास, पानीको मुल पुरिएको | वडा नं. १ मा १३ वर्ष पछि सुख्खा पहिरो गएको |
| १७ | २०६४ | • वडा नं. २ मा २ विघा खेतीयोग्य जग्गा क्षति भयो, ३ गोरु र ५ गाई बगायो, मुहान दुषित भयो र रोगको प्रकोप बढ्यो । | १ वर्षको अवधिमा एउटै वडामा गएको |
| १८ | २०६६ | • वडा नं. ७ को जँगाटोलको २ घर पुरिएर भत्किएको, करिब ९० रोपनी खेतीयोग्य जमिन पुरिएको, १ वटा खानेपानी योजना र १ वटा घट्टमा क्षति पुगेको,<br>• वडा नं. ४ मा ३५ घरधुरीको १५ रोपनि खेति योग्य जमिन नष्ट भएको ।<br>• वडा नं. ६ को सुगुरखाल ढाँड पहिरोले पानी मुहान, बाटो र ९ रोपनि जग्गा बगाउनुको साथै लोतपाखामा १ घर भत्काएको | वडा नं. ७ मा १० वर्ष पछि पहिरो गएको, वडा नं. ४ मा १६ वर्षको अवधिमा पहिरो गएको, वडा नं. ६ मा ८ वर्ष पछि पहिरो गएको |
| १९ | २०६८ | • वडा नं. ५ मा कुडिगाउँ टोलमा करिव ३० रोपनी खेती योग्य जमिन पुरिएको, १९ वटा घरधुरी पहिरोको जोखिममा,<br>• वडा नं. ६ को पाल्तमा गएको पहिरोले ३ रोपनि जग्गा बगाउनुको साथै ४ वटा बाटोलाई क्षति गरेको, १ गोरु मरेको र १ जना मान्छेलाई घाइते बनाएको । | वडा नं. ५ मा १८ वर्षका अन्तरालमा पहिरो गएको, वडा नं. ६ मा २ वर्षका अवधिमा पहिरो गएको |
| २० | २०६९ | • वडा नं. ७ को दुवाडीपानीमुलामा १ वटा घर पुरिएको, करिब ४० रोपनी खेतीयोग्य जमिन क्षति भएको, चोटपटक तथा तनावका कारण १ जनाको मानसिक असुन्तुलन भएको, | वडा नं. ७ मा ३ वर्षका अन्तरालमा पहिरो गएको, वडा नं ६ मा |

| | | | |
|---|---|---|---|
| | | ● वडा नं. ६ को खागलबाट उतिसेना, कुलाचौर, मुल, , बदेवन्ना, हेरु, ओर्देखोला, नलेवुया, खेतवडा, पाध्धारा, बडावल कुलो, खिरेखोला, चित्रे, ढाँड, खागलबाट उतिसेनाको केहि वन विनास हुनाको साथै खेतिपाती गर्न योग्य जमिन करिब २५ रोपनी र अन्य पाखा जग्गा ४० रोपनी र बडावल कुलो ३३ मिटर क्षतिग्रस्त भइ धान उत्पादनमा ३० प्रतिशत कमी आएको | भने निरन्तर पहिरो गएको (१ वर्षको अवधिमा पहिरो गएको |
| २१ | २०७० | ● वडा नं. ५ मा नाहेकडेरा टोलमा १ वटा आरन बगाएको, १ चर्पी र १ बटा घरको आँगन पुरिएको, १०० रोपनी खेतीयोग्य जमिन पहिरोले बगाएको, बडाखोला, नाउलाखोला, थाडाढुङ्गा, धामिडेरा टोलमा करिव ७७ रोपनी खेतियोग्य जमिन पुरिएको,<br>● वडा नं. ८ मा वन जंगलमा क्षति, सिंचाई कुलोमा असर परेको | वडा नं. ५ मा २ वर्षको अवधिमा पहिरो गएको, वडा नं. ८ मा ७ वर्षको अवधिमा पहिरो गएको |
| २२ | २०७१ | ● वडा नं. ५ अतरछाना टोलमा १२ रोपनी जमिन र ३ वटा घरधुरी जोखिममा पारेको र कोहरेली खोलामा ५० रोपनी जमिन, ८-९ घरधुरी पहिरोको जोखिममा परेको | १ वर्षको अवधिमा वडा नं. ५ मा पहिरो गएको |
| २३ | २०७२ | ● वडा नं. ४ को पिप्से टोल देखि इन्जा टोल सम्म चिरा परेको | |
| २४ | २०७३/ २०७४ | ● वडा नं. ४ को भैलोहाल्नामा २५ रोपनि जग्गा चिरा परेको,<br>● वडा नं. ६ को कुयलीकोटमा १ रोपनी खेत पुरेको, पाखाबारी बगाएको, रिसिना जाने बाटो भत्काएको। मटेलादेखि इन्द्रज्योति मावि जाने गोरेटो बाटो भत्काएको, धिरपन्नाटोलमा ३ रोपनि जग्गा बगाएको, ठाकुरजात टोलमा खानेपानीको १ वटा मुहानलाई असर गर्नुको साथै पाइपलाइन बगाएको, २ वटा घरलाई असर पारेको। लोतपाखा जुगेखाली पहिरोले २ वटा बाटो र ३ रोपनी जग्गा बगाएको। लोतपाखाको नयाँवस्ति, सुगरखाल, मदाइन डाँडामा पहिरो जाँदा ११ घर, १ पानी मुहान, ४ वटा बाटो र १५ रोपनी जग्गामा क्षति भएको।<br>● वडा नं. ९ मा ५ घरको जग्गामा क्षति भएको, मानव वस्ती विस्थापित भएको, महामारी बढेको, कृषिमा रोगको प्रकोप बढेको, सिँचाई कूलोमा क्षति पुगेको जसले गर्दा ५० रोपनी जग्गामा खेति गर्न बन्चित रहेको। | ५ वर्षको अवधिमा वडा नं. ६ मा पहिरो गएको |

### २.३.१.२. पहिरोको सम्मुखता

विगतमा भए गरेका पहिरोको हानी नोक्सानीलाई आधार मान्दै वर्तमानमा भइरहेका पहिरोका घटनामा प्रभावित भएका वा थप हुन सक्ने तत्व वा प्रणालीको लेखाजोखा यहाँ समेटिएको छ। वर्तमान समयमा विशेष गरी वडा नं. १, ३, ४, ५, ६, ७, ८ मा पहिरोको घटना विद्यमान छ जसको सम्मुखताको तत्व वा प्रणाली तलको तालिकामा प्रस्तुत गरिएको छ। ती तत्व वा प्रणालीहरु भिरालो भूबनोट, पहिरोको नजिक भएको र अव्यवस्थित सडको निर्माणका कारण जोखिममा रहेका छन्।

| क.सं | सम्मुखतामा रहेका तत्व वा प्रणालीहरु |
|---|---|
| १ | घरधुरीको संख्याः वडा नं. १ मा ६ घरधुरी, वडा नं २ मा २७२, वडा नं. ३ मा करीब ९२ घरधुरी, वडा नं. ४ मा ८१ घरधुरी, वडा नं ५ मा ७ घरधुरी, वडा नं ६ मा ९३ घरधुरी, वडा नं ७ मा २६४, वडा नं ८ मा २१६ वडा नं ९ मा २४९ घरधुरी |
| २ | कृषि क्षेत्रः वडा नं. ३ मा ७०/८० रोपनी , वडा नं. ४ मा ७०/८० रोपनी वडा नं. ६ मा ८० रोपनी, वडा नं. ७ मा ७०/८० रोपनी वडा नं. १ मा १५० रोपनी, वडा नं. ८ मा ५० रोपनी, वडा नं. ९ मा ८ देखि १० रोपनी |
| ३ | सिंचाई कुलोः वडा नं. ४, ५ र ६ मा १ वटा कुलो, वडा नं ६ मा ६०० मिटर सिचाई कुलो प्रणाली वडा नं. ७ मा २ वटा सिचाई कुलोको करीब ६०० मिटर वडा नं. ८ मा ३ वटा सिँचाई कुलो ९०० मिटर, वडा नं. ९ मा निमाडेखेत सिंचाई दुरापानीको पहिरोले सम्मुखतामा रहेको |
| ४ | खानेपानीको प्रणालीः  वडा नं. ३ मा ५-६ प्रणाली, वडा नं. ५ मा खानेपानी प्रणाली वडा नं. ६ मा २ वटा खानेपानी प्रणाली, वडा नं. ७ मा ९०० मिटर खानेपानी प्रणाली बिग्रेको, वडा नं. ८ मा ३ वटा खानेपानी प्रणालीको करीब ६०० मिटर |
| ५ | खानेपानीको मुहानः वडा नं. ३ मा ३ वटा मुहान, वडा नं . ४ मा ३ वटा मुहान, वडा नं . ५ मा २ वटा खानेपानी मुहान, वडा नं. ६ मा २ वटा मुहान, वडा नं. ७ मा ४ वटा मुहान वडा नं. ८ मा २ वटा मुहान |
| ६ | भौतिक सम्पदाः वडा नं. १ मा सहकारी भवन, वडा नं. ३ मा १ वटा प्रा. वि. वडा नं.मा १ वटा प्रा.वि. वडा नं. ७ मा १ बीरेन्द्र प्रा.वि. स्कुल वडा नं. ८ मा १ वटा जनता प्रा. वि. स्कुल |
| ७ | बन क्षेत्रफलः वडा नं. १ मा १०० हेक्टर , वडा नं. ३ मा करिब ७-८ हेक्टर, वडा नं. ४ मा ६ हेक्टर वडा नं. ५ मा ३ हेक्टर वनक्षेत्र क्षति वडा नं. ६ मा ५० हेक्टर वनक्षेत्र वडा नं. ८ मा १० हेक्टर, वडा नं. ९ मा करीब ५ हेक्टर वन क्षेत्र जोखिममा रहेको |

| | |
|---|---|
| ८ | सडकः गाउँपालिकाको करिब १४ किमि ग्राभेल सडक अन्तर्गत करीब ७ ठाउँ र ४० किलोमिटर कच्ची सडकको अधिकांश ठाउँ |

### २.३.१.३. संकटासन्नता (संवेदनशीलता र क्षमता)

पहिरोको सम्मुखतामा रहेका तत्व वा प्रणालीको संकटासन्नता वा हानी हुन सक्ने अवस्थालाई सम्मुखताको तत्वमा महिला, पुरुष, बृद्ध, बालबालिकाहरुको संख्या, विकासका पूर्वाधार, घरधुरीको बनोटको प्रकार, जस्ता संवेदनशिलताका सुचक र प्रकोपसँग जुझ्न सक्ने पूर्वतयारीको, प्रकोप जोखिम न्युनिकरणको विपद्को समयमा र विपद् पश्चातको समयमा प्रतिकार्य र पुर्नलाभको क्षमता के कस्तो छ भन्ने कुराले प्रभाव पार्दछ । यिनै विषयहरुलाई समेटेर पहिरोको प्रकोपको संकटासन्नताको अवस्थालाई यहाँ प्रस्तुत गरिएको छ ।

| क्र.सं | संवेदनशीलताका तत्वहरु | संख्या/इकाइ |
|---|---|---|
| १. | गरीब घरधुरीको संख्या | १३८० गरीब घरधुरी (वडा नं १ मा १५१, वडा नं २ मा २४४, वडा नं ३ मा १३०, वडा नं ४ मा ३५, वडा नं ५ मा १५१, वडा नं ६ मा १४८, वडा नं ७ मा १७३, वडा नं ८ मा १८४ र वडा नं ९ मा १५४) |
| २. | महिला, पुरुष, बृद्ध र बालबालिकाको संख्या | जम्मा ७३५८ महिला र ८०३८ पुरुष मध्ये ५ वर्ष मुनिका करीब २१९५, ५ देखि १४ वर्ष सम्मका ४०६५, १५ वर्ष देखि ५९ वर्ष सम्मका ८२९९ र ६० वर्ष माथिका ११३७ जना |
| ३. | कृषिमा निर्भर परिवारको संख्या | वडा नं १ देखि ९ सम्म ४५१० जना कृषिमा निर्भर रहेको |
| ४ | खानेपानीको संरचनाको प्रकार | वडा नं. ४ मा प्लास्टिकको पाइप प्रयोग गरी धारा बनाइएको वडा नं. ३ मा ५-६ प्रणाली, वडा नं. ५ मा खानेपानी प्रणाली वडा नं. ६ मा २ वटा खानेपानी प्रणाली, वडा नं. ७ मा ९०० मिटर खानेपानी |

| | | |
|---|---|---|
| | | प्रणाली बिग्रेको, वडा नं. ८ मा ३ वटा खानेपानी प्रणाली ६०० मिटर |
| ५ | प्रभावित हुन सक्ने स्वास्थ्य चौकि, विद्यालय, बडाकार्यलय वा घरधुरीको बनोट र प्रकार | वडा नं. ४ मा रहेको प्रा.वि. ढुङगाले बनेको (कमजोर संरचना) |

| **विद्यमान क्षमता** | | | | |
|---|---|---|---|---|
| **अवस्था** | **नीतिगत** | **संरचनागत** | **मानविय र विभिन्न कार्यक्रम** | **वित्तिय** |
| पहिरो जोखिमको पूर्वतयारी एवम् न्युनिकरणका लागि | • विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५<br>• आर्थिक सहायता तथा राहत वितरण सम्बन्धी निर्देशिका, २०७५<br>• स्वास्थ्य विमा कार्यक्रम | • गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति<br>• वडा नं १, २, ३ मा वडा स्तरीय विपद् व्यवस्थापन समिति<br>• वातावरण तथा विपद् व्यवस्थापन इकाई | गाउँपालिकाको विभिन्न कार्यक्रम, गरीबी निवारण कोष, हिमाली समाज विकास, हेल्भेटास, खानेपानी), पहल, नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम, गैसस (जनजागरण अभियान, पश्चिम जाजरकोट, ग्रामीण समाज), | • विपद् व्यवस्थापन कोष<br>• रु १० लाख बराबरको राहत कोष<br>• आव ०७५/७६ को लागि वातावरण तथा विपद् व्यवस्थापन अन्तर्गत नेरु १२५५०००० विनियोजन गरिएको |
| पहिरोका कारण उत्पन्न हुन सक्ने विपद् प्रतिकार्यका लागि | | १ आर्युवेद अस्पताल, ३ स्वास्थ्य चौकि, १ प्रसुति गृह, २ वटा ट्र्याक्टर (नीजि), २ वटा जेसिवि (नीजि), ८ वटा नीजि गाडि (सार्वजनिक यातायता समेत गरेर), २१ वटा मोटरसाइकल, | गाउँपालिका विपद् व्यवस्थापन समितिका सदस्यहरु, वडास्तरीय विपद् व्यवस्थापन समितिका सदस्यहरु, ३७ प्रहरी (इलाका प्रहरी कार्यलय, | |

| | | | | |
|---|---|---|---|---|
| | | गाउँकार्यपालिकामा १ वटा गाडी, १३ वटा मोटरसाइकल, १ सामुदायिक सुचना केन्द्रको पक्की भवन, ३ वटा वडा कार्यलयको पक्की भवन, सबै वडामा कृषक समूह पहल कार्यक्रमबाट केहि वडामा प्रतिकार्यका लागि प्राप्त सामाग्री ( माइक, बेल्चा, गैंचि, हेल्मेट, डोरी, प्राथमिक उपचार बाकस आदि) | शिवालय मा २३ र प्रहरी चौकी, छेडाचौर मा १४), १ इन्जीनियर, ६ प्राविधिक, ६ जना सामाजिक परिचालक, १ जना अहेव, १३२ वैद्य, ३ वटा गैसस ( जनजागरण अभियान, पश्चिम जाजरकोट, ग्रामीण समाज), १२ क्लिनिक तथा औषधि व्यवसायी | |
| पुर्नलाभका लागि | | • गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति<br>• वडा नं १, २, ३ मा वडा स्तरीय विपद् व्यवस्थापन समिति<br>• वातावरण तथा विपद् व्यवस्थापन इकाई<br>• १५ वटा सामुदायिक वन समूह | १ इन्जीनियर, ६ प्राविधिक, १२२ सिकर्मी, ७१ डकर्मी, ७ सहकारी संस्था | |

### २.३.२. प्रकोपः सुख्खा खडेरी

यस गाउँपालिकामा सुख्खा वा खडेरीका कारण कृषि क्षेत्रमा प्रत्यक्ष असर परिरहेको छ । विगत केहि वर्षको समयाबधिमा वर्षाको अनियमितताका कारण वर्षामा निर्भर कृषि क्षेत्रमा हानि र नोक्सानि गरिरहेको पाईएको छ । विभिन्न अध्ययनले यो जिल्लामा वर्षामा बढोत्तरी हुने आँकलन गरे पनि

वर्षाको समयमा हुने फेरवदली र वर्षाको मात्रामा र दिनमा आउने परिवर्तनले भविष्यमा यो समस्यालाई जटिल बनाउने देखिन्छ ।

### २.३.२.१ प्रकोपको गम्भिरता/कठोरता र वारम्बारता

विगतका घटनाक्रमको लेखाजोखा गर्दा शिवालय गाउँपालिकामा वि.सं २०५० देखि २०७४ सम्मको विवरण हेर्दा २४ वर्षको अन्तरालमा १६ वटा सुख्खा वा खडेरीको घटना भएर धेरै क्षति गरेको पाइन्छ । यस गाउँपालिकामा हालसम्म भएको सुख्खा/खडेरी र सोबाट भएको हानी तथा क्षति सम्बन्धी विवरण साथै खडेरीको बारम्बरता बारे तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं | वर्ष | सुख्खा/खडेरीले गरेको असर (हानी तथा नोक्सानी) | बारम्बरता |
|---|---|---|---|
| १ | २०४६ | • वडा नं. ३ मा पानीको मुहान सुकेको, कृषी उत्पादकत्व घटेको, भोकमरीको अवस्था सृजना भएको, १५- १६ घरधुरी विस्थापित भएको, आगलागीको जोखिम बढेको । | |
| २ | २०५० | • वडा नं. १ मा मकैमा दाना नलागेको, भोकमरीको समस्या भएको, उत्पादनमा ५० प्रतिशतले गिरावट आएको, हिउँदे खेती ८० प्रतिशतले घटेको, वर्खे बाली ५० प्रतिशतले घटेको | |
| ३ | २०५२ | • वडा नं. २ मा पानीको मुहान सुकेको, खाद्यान्नको अभाव भएको, पशुपंक्षिमा रोगको प्रकोप बढेको, मानव स्वास्थ्यमा असर, पुरुषहरु रोजगारको लागि भारत जानु पर्ने बाध्यता बनेको, महिलाहरु पनि रोजगारको लागि भारतमा जान सुरु गरेको | |
| ४ | २०५३ | • वडा नं. ६ मा खडेरीका कारण धान, गहुँमा ५० प्रतिशतले उत्पादनमा कमी आएको, झाडापखालाबाट ७५ प्रतिशत मानिस विरामी भएको | |
| ५ | २०५४ | • वडा नं. ७ मा करिब ५०० रोपनीमा लगाएको धान बाली र गहुँ बालीलाई नोक्सान पुर्‍याएको, करिब ५० वटा पानीको मुहानहरु सुकेको, तरकारी फलफुलखेतीलाई नोक्सान, वन डढेलो, झाडापखाला, आउँ, हैजा टाइफाइड जस्ता रोगको प्रकोप बढेको | |
| ६ | २०५६ | • वडा नं. १ मा कृषि उत्पादनमा ह्रास, पहुपालनबाट कम उत्पादन, महंगी बढेको, पानीको मुल सुकेको, सरुवा रोगको महामारी बढेको, आर्थिक संकट्, बनडढेलो बढेको । | ६ वर्षको अवधीमा एउटै वडामा खडेरी |

| | | | |
|---|---|---|---|
| | | वडा नं. ६ को सुगुरखालमा ७५ प्रतिशत र ठाकुरजातमा ४० प्रतिशतले गहुँ उत्पादनमा कमी आएको | वा सुख्खा भएको |
